# निर्वाचन आयोग
# जिल्ला निर्वाचन कार्यालय
## चरिकोट, दोलखा

☎ 049421443
email: ec.deo.dolkha@ntc.net.np
ec.deo.dolkha@gmail.com


प.सं.०७४/०७५
च.नं :- १८४

मिति :-२०७४।०७।११

विषय : निर्वाचन आचार संहिता कार्यान्वयन सम्बन्धमा ।

श्री प्रशासन
(१) सबै वडा अध्यक्ष र सदस्य हरुलाई पत्राचार गर्दै जानकारी गराउनु हुन ।
(२) Website मा सूचना राख्न निर्वाचन आचार संहिता मिलाउनु हुन ।
२०७४/७/१२

**श्री भिमेश्वर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय,**
**चरिकोट, दोलखा ।**
**श्री जिरी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय,**
**जिरी, दोलखा ।**

उपर्युक्त विषयमा सम्बत् २०७४ साल मंसीर १० गते यस जिल्लामा संचालन हुने प्रतिनिधि सभा सदस्य निर्वाचन र प्रदेश सभा सदस्यको निर्वाचनलाई मर्यादित, स्वच्छ तथा पारदर्शी ढङ्गले सम्पन्न गर्न र निर्वाचन आचार संहितालाई पूर्ण रुपले कार्यान्वयन गर्न/गराउन आयोगको मिति २०७४।७।५ को निर्णयानुसार जारी भएको यसै साथ संलग्न बमोजिमको १९ बुदे नीतिगत निर्णय तथा निर्वाचन आचार (तेस्रो संसोधन सहित) संहिता, २०७२ कार्यान्वयन गर्ने गराउने व्यवस्थाका लागी ताहाँ पठाइएको व्यहोरा अनुरोध छ ।

२१-१३५
२०७४।७।११

.......................
सच्यूत राज उप्रेती
जिल्ला निर्वाचन अधिकारी

**बोधार्थ**
श्री निर्वाचन आयोग, नेपाल
कानून शाखा/संयुक्त निर्वाचन संचालन शाखा
कान्तिपथ, काठमाण्डौं ।
श्री मुख्य निर्वाचन अधिकृतको कार्यालय
चरिकोट, दोलखा ।
श्री जिल्ला प्रशासन कार्यालय
चरिकोट, दोलखा ।

१. सम्माननीय प्रधानमन्त्रीज्यूले निर्वाचन सम्बन्धी राजनीतिक कामका सिलसिलामा सरकारी खर्चमा हेलिकोप्टर प्रयोग नगर्ने तथा सो बाहेक नीजि खर्चमा प्रयोग गर्दा आयोगको पूर्व स्वीकृती लिएर मात्र प्रयोग गर्ने व्यवस्थाका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई निर्देशन दिने,

२. माननीय मन्त्रीज्यूहरूले राजनीतिक कामका सिलसिलामा सरकारी सवारी र स्रोत साधनको प्रयोग नगर्ने व्यवस्थाका लागि सम्बन्धित मन्त्रालयलाई निर्देशन दिने ।

३. जिल्ला समन्वय समितिका पदाधिकारी एवं सदस्य स्थानीय तहका कार्यपालिकाका प्रमुख/उपप्रमुख वडा अध्यक्ष लगायत गाउँ सभा तथा जिल्ला सभाका कुनै पनि सदस्यले सरकारी साधन स्रोतको प्रयोग गरी प्रचार-प्रसार नगर्न नगराउन निर्देशन दिने ।

४. राजनीतिक नियुक्ति पाएका व्यक्तिले जिल्ला भ्रमण गर्दा निर्वाचन प्रचार-प्रसारमा सरकारी सवारी साधन र स्रोत प्रयोग नगर्न नगराउने निर्देशन दिने ।

५. स्थानीय तहका कार्यपालिकाका प्रमुख/उपप्रमुखहरूले स्थानीय तहका विकास निर्माणका नयाँ आयोजनाको बजेट स्वीकृत नगर्ने, रकमान्तर नगर्ने तथा कार्यक्रम संशोधन गरी गैर बजेट खर्च नगर्ने नगराउने व्यवस्था मिलाउने ।

६. विद्यालय व्यवस्थापन समिति र नेपाल सरकारको स्वामित्वमा रहेको पेशागत संघ, संगठनहरूको पूर्व निर्धारित कार्यतालिका बाहेकमा निर्वाचन नगर्न, नगराउन नेपाल सरकारलाई निर्देशन दिने ।

७. लोक सेवा आयोग, शिक्षा सेवा आयोग तथा न्याय सेवा आयोगले सञ्चालन गरेको नियमित पदपूर्ति बाहेक कर्मचारीको पदपूर्ति प्रकृयालाई निर्वाचन अवधिभर रोक्ने तथा प्रशासनिक पदमा करारमा नियुक्ती प्रक्रिया अगाडि नबढाउन नेपाल सरकारलाई निर्देशन दिने ।

८. निर्वाचन अवधिमा निर्वाचनलाई प्रभाव पार्ने गरी निर्वाचन आयोगको सहमति नलिई कर्मचारीको काज तथा सरूवा नगर्न नगराउन नेपाल सरकारलाई निर्देशन दिने ।

९. गैरसरकारी संस्था, पेशागत संस्था जस्ता आचार संहिता लागू हुने गैरराजनीतिक संस्थाहरूको नियमित महाधिवेशन तथा कार्यक्रम सञ्चालन गर्दा निम्नानुसार गर्ने व्यवस्थाका लागि नेपाल सरकारलाई निर्देशन दिने :-

(क) सम्माननीय प्रधानमन्त्रीज्यू तथा माननीय मन्त्रीज्यूको प्रमुख आतिथ्यता नहुने गरी कार्यक्रम सञ्चालन गर्ने ।

(ख) नेपाल सरकार र अन्तर्गतका सरकारी एवं सार्वजनिक स्रोत तथा साधनको प्रयोग नहुने गरी कार्यक्रमको व्यवस्थापन गर्ने ।

(ग) निर्वाचन कार्यक्रमलाई प्रतिकूल असर पार्ने किसिमको राजनीतिक क्रियाकलाप एवं गतिविधि सञ्चालन नगर्ने, नगराउने ।

(घ) अनावश्यक रूपमा प्रचार-प्रसार एवं तडक-भडक नहुने किसिमले कार्यक्रम सञ्चालन गर्ने, गराउने ।

१०. निर्वाचन प्रचार प्रसारका क्रममा ज्याकेट, कमिज, जस्ता पहिरन तथा गम्छा, झोला जस्ता सामाग्रीहरूमा निर्वाचन चिन्हहरू छपाई उत्पादन गर्न तथा मतदाताहरूलाई बिक्री वितरण गर्न नपाउने व्यहोरा राजनीतिक दलहरूलाई जानकारी गराई सोको अनुगमन गर्न सबै निर्वाचन अधिकृत/प्रमुख जिल्ला अधिकारीहरूलाई निर्देशन दिने ।

११. निर्वाचन आचार संहिता (संशोधन सहित), २०७२ पूर्ण रूपमा पालना गर्न गराउन सम्बद्ध राजनीतिक दल, उम्मेदवार र सरोकारवालालाई अनुरोध गर्ने । उक्त आचार संहिता विपरीत प्रचार-प्रसार गरेको उजुरी प्राप्त भएमा वा अनुगमनका क्रममा पाइएमा सुरक्षा निकाय समेतको सहयोगमा आवश्यक कारवाही गरी सोको प्रतिवेदन आयोगमा तुरुन्त पठाउने सोको आवश्यक व्यवस्थाका लागि मुख्य निर्वाचन अधिकृत, प्रमुख जिल्ला अधिकारी, निर्वाचन अधिकृत र अनुगमन टोलीलाई निर्देशन दिने ।

१२. जिल्ला निर्वाचन आचार संहिता समितिलाई आफूले गरेका काम कारवाहीको प्रतिवेदन प्रत्येक हप्ता आयोगमा पेश गर्न निर्देशन दिने ।

१३. निर्वाचन आचार संहिता उलंघन गर्नेलाई गरेको कारबाहिको जानकारी तत्काल सञ्चार माध्यमबाट संप्रेषण गर्न सम्बन्धित पदाधिकारीलाई निर्देशन दिने ।

१४. तपसिल बमोजिमका निर्वाचन आचार संहिता उल्लंघनका सम्बन्धमा स्वयं जानकारीमा लिने, उजुरी सुन्ने लगायत आवश्यक छानविन र कारवाही गरी सोको जानकारी आयोगमा गराउन मुख्य निर्वाचन अधिकृत, प्रमुख जिल्ला अधिकारी, निर्वाचन अधिकृत र अनुगमन टोलीलाई निर्देशन दिने ।

(क) धर्म, सम्प्रदाय, जातजाति, लिङ्ग, भाषा, वर्ग, क्षेत्र वा समुदायको आधारमा घृणा वा द्वेष उत्पन्न हुने गरी कुनै क्रियाकलाप गर्न वा गराउन नहुने ।

(ख) मतदातालाई नगद, जिन्सी वितरण गर्न, भोजभतेर आयोजना गर्न वा मादक पदार्थ सेवन गर्न वा वितरण गर्न वा गराउन नहुने ।

(ग) कुनै मठ, मन्दिर, गुम्बा, मस्जिद, चर्च वा कुनै धार्मिक स्थल प्रयोग गरी निर्वाचन सम्बन्धी प्रचार-प्रसार गर्न वा गराउन नहुने ।

(घ) निर्वाचन प्रचार प्रसार, आमसभा तथा जुलुसमा बालबालिकाको तथा विद्यालय लागायतका शैक्षिक संस्थाहरूको प्रयोग गर्न वा गराउन नहुने ।

(ङ) सार्वजनिक आवागमनमा अवरोध हुने गरी कुनै किसिमको जुलुस, आमसभा, ऱ्याली, बैठक, भेला वा प्रचार-प्रसार गर्न वा गराउन नहुने ।

(च) जुलुस वा आमसभामा भाग लिने व्यक्तिले १०"×१८" भन्दा ठूलो आकारको झण्डा प्रयोग गर्न वा गराउन नहुने ।

(छ) आमसभा गरेको स्थल र समयमा बाहेक अन्य स्थल र समयमा माइक तथा लाउडस्पिकर र ध्वनी उत्पन्न गर्ने अन्य यन्त्र प्रयोग गर्न नहुने ।

(ज) निर्वाचन प्रचार प्रसारको क्रममा मोटरसाइकलबाट मानिस वा मालसामान ढुवानी गर्न प्रयोग हुने साइकल, रिक्सा, टाँगा, एक्का तथा गोरूगाडा जस्ता सवारी साधनबाट निर्वाचन सम्बन्धी ऱ्याली गर्न वा गराउन नहुने ।

१५. नेपाल सरकार, सार्वजनिक संस्था र स्थानीय तहले कुनै पनि योजनाको शिलान्यास गर्ने, उद्घाटन गर्ने, सर्वेक्षण गर्ने, अध्ययन वा सोको लागि अनुदान दिने, बजेट रकमान्तर गर्ने जस्ता नयाँ कार्यक्रम नगर्न वा नगराउन नेपाल सरकारलाई निर्देशन दिने ।

१६. नेपाल सरकारको स्वामित्वमा रहेका वा सरकारी कोष एवं सर्वसञ्चित कोषबाट खर्च हुने वा बजेट प्राप्त हुने वा नेपाल सरकारबाट कुनै सुविधा हुने पद वा निकायमा कुनैपनि राजनीतिक नियुक्ति नगर्न नेपाल सकारलाई निर्देशन दिने ।

१७. UN, SAARC लगायतका अन्तर्राष्ट्रिय संस्था तथा क्षेत्रीय संगठनहरूमा भाग लिन वा विदेशी राष्ट्रको भ्रमणमा राज्यको प्रतिनिधित्व गर्ने बाहेक अन्य वैदेशिक भ्रमणमा रोक लगाउने तथा राज्यको प्रतिनिधित्व गर्ने गरी विदेश भ्रमणमा पठाउनु नै पर्ने भए निर्वाचन आयोगको पूर्व स्वीकृति लिएर मात्र पठाउने ।

१८. प्राकृतिक प्रकोप वा अकल्पनीय घटना, उच्च राष्ट्रिय प्राथमिकतासंग सम्बन्धित विषयहरूमा वा राष्ट्रिय गौरवका आयोजनाहरूको हकमा बजेट थप, रकमान्तर तथा कार्यक्रम संशोधन गर्दा आयोगबाट पूर्वस्वीकृति लिने बाहेक अन्य अवस्थामा बजेट थप, रकमान्तर तथा कार्यक्रम संशोधन सहमति माग नगर्न नेपाल सरकारलाई निर्देशन दिने ।

१९. निर्वाचनको सन्दर्भमा आयोगबाट भएका निर्णय र अन्तर्गतको कार्यालयबाट भएका पत्राचारलाई नेपाल सरकारका सम्पूर्ण निकाय, सार्वजनिक संस्थान, विकास समिति, स्थानीय तह, शैक्षिक संस्थाहरूले उच्च प्राथमिकता दिई तत्काल सम्पन्न गरी कार्यान्वयन गर्न नेपाल सरकार तथा सम्बन्धित निकायलाई निर्देशन दिने ।

(बेगेन्द्रराज शर्मा पौड्याल)
सचिव